# सामान्य प्रशासन मन्त्रालय

मन्त्रालय र मातहतसमेत २ निकायको यो वर्ष विनियोजन रु.७९ करोड ६८ लाख, राजस्व रु.२५ लाख, धरौटी रु.४ करोड १३ लाखसमेत रु.८४ करोड ६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ३ को रु.१ अर्ब ८४ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख व्यहोरा निम्नानुसार छन्:

१. **निजामती सन्तती छात्रवृत्ति -** निजामती कर्मचारीका सन्ततीलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७१ को दफा ३(३) मा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई लागतको आधारमा निर्देशिकाबमोजिम छनौटमा परेका विद्यार्थीहरुलाई रु.१ लाख ५० हजारदेखि रु.५ लाखसम्म छात्रवृत्ति प्रदान गरिने व्यवस्था छ । निर्देशिकाको दफा २६(१) मा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुलाई अध्ययन सकेपछि नेपाल सरकारको कुनै संस्था वा निकायको काममा खटाउन सक्ने व्यवस्थाबमोजिम विद्यार्थीलाई अध्ययन पूरा गरेपछि नेपाल सरकारले खटाएको काममा संलग्न हुन कबुलियतनामा गराएको पाइयो । मान्त्रालयले २०६६।६७ देखि २०७२।७३ सम्म २ हजार ४२९ जनालाई रु.४३ करोड ८८ लाख ३० हजार छात्रवृत्ति वितरण गरेकोमा हालसम्म विद्यार्थीलाई सो बमोजिम खटाएको देखिन आएन । कबुलियतनामा बमोजिम सेवामा आवश्यकतानुसार उपयोग गर्नुपर्दछ ।

२. **अध्ययन, तालिम तथा अध्ययन भ्रमण** - निजामती सेवा ऐन, २०४९ को दफा ४० ख(३) मा नेपाल सरकारको नाममा प्राप्त भएका अध्ययन, तालिम वा अध्ययन भ्रमणसम्बन्धी अवसर सबै सरकारी सेवाका कर्मचारीलाई न्यायिक तवरले बाँडफाँड गर्न मुख्य सचिव अध्यक्ष रहेको ५ सदस्यीय समिति रहने व्यवस्था छ । समितिले २०७२।७३ मा प्राप्त बैदेशिक तालिम ७०६, वैदेशिक अध्ययन १११ र स्वदेशमा अध्ययन १२ समेत जम्मा ८२९ छात्रवृत्ति बाँडफाँड गरेको पाइयो ।

कर्मचारीलाई अध्ययन, तालिम वा अध्ययन भ्रमणमा पठाउनको लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी पठाउन मन्त्रालयले २०७३।९।११ मा सबै निकायलाई परिपत्र गरेको छ । समितिले बाँडफाँट गरेको छात्रवृत्तिमध्ये सम्वधित मुलुकबाट कन्फर्मेसन प्राप्त भए नभएको र उपयोग गरे नगरेको अनुगमन गरी वैदेशिक सहायता स्वरुप प्राप्त छात्रवृत्तिको पूर्ण उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहाय अनुसार छः
    - मन्त्रालय र मातहत २ निकायमा यो वर्ष रु.४ लाख ५१ हजार पेश्की बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ ।
    - अन्य संस्था समितितर्फ रु.१ करोड ५८ लाख ५६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३७ लाख १९ हजार फछ्र्यौट गरेकोले रु.१ करोड २१ लाख ३७ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ लाख १० हजार पेश्की बाँकी रहेको छ ।